# एक्जाभेटर तथा अन्य मेशीनरी संचालन तथा व्यवस्थापन निर्देशिका, २०७४

**गाउँ कार्यपालीका बैठक बाट पारित मिति : २०७४ /१०/१७**

**बडीकेदार गाउँपालिका**
**खड्यौली, डोटी**
**७ नं. प्रदेश, नेपाल**

बडीकेदार गाउँपालिका

# एक्जाभेटर तथा अन्य हेवी मेशीनरी संचालन तथा व्यवस्थापन निर्देशिका, २०७४

प्रमाणीकरण मितिः२०७४/१०/१८

यस बडीकेदार गाउँपालिकाको स्वामित्वमा रहेको एक्जाभेटर तथा अन्य मेशिनरीन संचालन तथा व्यवस्थापन प्रक्रियालाई नियमित तथा व्यवस्थित गर्न वान्छनीय भएकोले बडीकेदार गाउँपालिकाले यो एक्जाभेटर तथा अन्य हेवी मेशीनरी संचालन तथा व्यवस्थापन निर्देशिका २०७४ जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ :

१.१ यो निर्देशिकाको नाम : एक्जाभेटर तथा अन्य हेवी मेशीनरी संचालन तथा व्यवस्थापन निर्देशिका २०७४ रहेको छ ।

१.१ यो निर्देशिका गाउँ कार्यपालिकाले स्वीकृत गरेको मिति देखि लागू हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

क) "निर्देशिका" भन्नाले एक्जाभेटर तथा अन्य हेवी मेशीनरी संचालन तथा व्यवस्थापन निर्देशिका २०७४ सम्झनु पर्छ ।

ख) "गाउँपालिका" भन्नाले बडीकेदार गाउँपालिका सम्झनु पर्छ ।

ग) "एक्जाभेटर" भन्नाले गाउँपालिकाको स्वामित्वमा रहेको एक्साभेटर सम्झनु पर्दछ ।

घ) "अन्य हेवी मेशीनरी" भन्नाले यस गाउँपालिकाको स्वामित्वमा रहेको ईस्काभेटर, ट्र्याक्टर, टिप्पर र गाउँपालिकामा रहेका अन्य यान्त्रिक शक्तिवाट संचालन हुने भाडा प्रयोजनका सवारी साधन सम्झनु पर्छ ।

ङ) "समिति" भन्नाले एक्जाभेटर तथा अन्य हेवी मेशीनरी संचालन तथा व्यवस्थापन समिति सम्झनु पर्छ ।

च) "सचिव" भन्नाले यस गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत सम्झनु पर्छ ।

छ) "अन्य स्थानीय तह" स्थानीय तह यस जिल्लाको छिमेकी गाउँपालिका वा छिमेकी जिल्लाको गाउँपालिका वा नगरपालिका सम्झनु पर्दछ ।

ज) "उपभोक्ता समिति" भन्नाले जिल्ला गाउँपालिका वा वडा कार्यालयको पदाधिकारी संलग्न भई गठन भएको उपभोक्ता समिति सम्झनु पर्छ ।

बडीकेदार गाउँपालिका

झ) “अन्य संस्था” भन्नाले जिल्ला स्थित नेपाल सरकारको कार्यालय, निजी क्षेत्र, नगरपालिका, गैर सरकारी संस्था, शिक्षण संस्था वा यस्तै अन्य संस्था सम्झनु पर्छ ।

ञ) “कार्य दिन” भन्नाले आठ घण्टाको समय सम्झनु पर्छ ।

३. निर्देशिकाको उद्देश्य **:**

यस निर्देशिकाको उद्देश्यहरु देहाय वमोजिम हुनेछ :

क) एक्जाभेटर, लगायत गाउँपालिकामा रहेको हेवी मेशीनरीहरुको संचालनवाट गाउँपालिकाको विकास निर्माण कार्यमा मद्दत पुर्याउने ।

ख) एक्जाभेटर र अन्य हेवी मेशीनरीहरुको संचालन तथा व्यवस्थापनमा पारदर्शिता ल्याउने ।

ग) एक्जाभेटर र अन्य हेवी मेशीनरीहरुको अधिकतम उपयोग गरी त्यसको उत्पादकत्वलाई बृद्धि गर्ने ।

घ) एक्जाभेटर र अन्य हेवी मेशीनरीहरुको मर्मत सम्भारमा मितव्ययिता कायम गर्ने ।

ङ) एक्जाभेटर र अन्य हेवी मेशीनरीहरुको संचालन तथा व्यवस्थापनमा आर्थिक रुपले आत्मनिर्भरता कायम गर्ने

४. एक्जाभेटर र अन्य हेवी मेशीनरीहरुको संचालन तथा व्यवस्थापन सम्बन्धि व्यवस्था **:**

४.१ यस निर्देशिकाको उद्देश्य प्राप्तिको लागि देहाय वमोजिम एक एक्जाभेटर र अन्य हेवी मेशीनरीहरु संचालन तथा व्यवस्थापन समिति रहनेछ :

| | | | |
|---|---|---|---|
| क) | गाउँपालिका अध्यक्ष वा निजले तोकेको सदस्य | – | संयोजक |
| ख) | कार्यपालिकाले तोकेको २ जना जनप्रतिनिधी मध्येबाट | – | सदस्य |
| ग) | पुर्वाधार समितिको संयोजक | – | सदस्य |
| घ) | गाउँपालिकाको योजना शाखाको अधिकृत | – | सदस्य |
| ङ) | प्राविधिक शाखाको ईन्जिनियर | – | सदस्य |
| च) | प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको कर्मचारी एक | – | सदस्य सचिव |

४.२ समितिको वैठक संयोजकको आदेशानुसार सदस्य–सचिवले बोलाउने छ र कुल सदस्य संख्याको पचास प्रतिशत सदस्य उपस्थित भएमा गणपुरक संख्या पुगेको मानिनेछ ।

४.३ समितिको वैठकमा संयोजकले आवश्यकता अनुसार अन्य व्यक्ति वा कर्मचारीलाई आमन्त्रित गर्न सक्नेछ

५.	एक्जाभेटर तथा अन्य हेवी मेशीनरीहरुको संचालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य तथा अधिकार:

यस निर्देशिकाको अधीनमा रही एक्जाभेटर र अन्य हेवी मेशीनरीहरुका संचालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य तथा अधिकार देहाय वमोजिम हुनेछ :

क)	एक्जाभेटर र अन्य हेवी मेशीनरीहरुको संचालन तथा व्यवस्थापनको लागि वार्षिक बजेट (आय, व्यय) तर्जुमा गरी स्वीकृतिको लागि गाउँपालिका मार्फत गाउँसभा मा सिफारिश साथ पेश गर्ने।

ख)	एक्जाभेटर र अन्य हेवी मेशीनरीहरुको संचालन तथा व्यवस्थापनको लागि श्रोत तथा साधनको पहिचान तथा परिचालन गर्ने।

ग)	एक्जाभेटर र अन्य हेवी मेशीनरीहरुको उपयोगको लागि माग भएका निवेदनहरुलाई यस निर्देशिकाका अधीनमा रही स्वीकृत गर्ने।

घ)	प्राथमकिताको आधारमा एक्जाभेटर र अन्य हेवी मेशीनरी सामानहरुको उपयोगको कार्य योजना बनाई स्वीकृत गर्ने।

ङ)	एक्जाभेटर र अन्य हेवी मेशीनरीहरुको आवश्यक उपकरणहरु (पार्टसहरु) मौज्दातमा राख्ने व्यवस्था मिलाउने।

च)	एक्जाभेटर र अन्य हेवी मेशीनरीलाई चालु आवस्थामा राखी राख्न आवश्यकता अनुसार नियमित मर्मत, सम्भार तथा जांचको व्यवस्था मिलाउने।

छ)	एक्जाभेटर र अन्य हेवी मेशीनरीहरुको संचालन तथा व्यवस्थापनमा आर्थिक दृष्टिकोणले आत्मनिर्भरता ल्याउने।

ज)	एक्जाभेटर र अन्य हेवी मेशीनरीहरुको संचालन वा उपयोग सम्बन्धि कामको अनुगमन तथा सुपरिवेक्षण गर्ने गराउने र दुरुपयोग भएको देखिएमा त्यसलाई रोक्ने व्यवस्था मिलाउने।

झ)	एक्जाभेटर र अन्य हेवी मेशीनरीहरुको संचालनमा संलग्न कर्मचारीको कार्य सन्तोषजनक नदेखिएमा कारवाहीको लागि सिफारिस गर्ने, संचालनको लागि आवश्यक कर्मचारीको व्यवस्थापन गर्ने।

ञ)	एक्जाभेटर र अन्य हेवी मेशीनरीहरुको संचालन तथा व्यवस्थापन सम्बन्धि आई पर्ने अन्य नीति तथा कार्यक्रम स्वीकृत गराई कार्यान्वयन गर्ने गराउने।

ट)	यस निर्देशिकामा तोकिएको अन्य काम गर्ने गराउने।

६.	एक्जाभेटर र अन्य हेवी मेशीनरीहरुको संचालन सम्बन्धि नीति तथा प्राथमिकता :

६.१	एक्जाभेटर र अन्य हेवी मेशीनरीहरुको संचालन सम्बन्धि नीति देहाय वमोजिम हुनेछ:

बडिकेदार गाउँपालिका

क) एक्जाभेटर र अन्य हेवी मेशीनरीहरुको उपयोग सामान्यतया गाउँपालिका भित्रका सडकहरुको निर्माण, मर्मत तथा सम्भारको लागि गरिनेछ । छिमेकी गाउँपालिका वा नगरपालिकाबाट माग भई आएमा यस गाउँपालिकासंग जोडिने सडकहरुलाई उच्च प्राथमिकता दिई निर्माण तथा मर्मत सम्भारमा उपयोग गरिने छ ।

ख) एक्जाभेटर र अन्य हेवी मेशीनरीहरुको सामान्यतया स्थानिय तह अर्थात गाउँपालिका आफैले सचालन गर्ने /वडा कार्यालयको सिफारिसमा उपभोक्ता समिति, संस्था वा निकायलाई भाडामा उपलब्ध गराईनेछ ।

ग) एक्जाभेटर र अन्य हेवी मेशीनरीहरुको संचालनमा ईस्काभेटर एवं अन्य हेवी मेशीनरी को सुरक्षा सम्बन्धि कुरालाई ध्यान दिईनेछ ।

घ) एक्जाभेटर र अन्य हेवी मेशीनरीहरु सडक डिभिजन कार्यालयको सिफारिशमा सडक निर्माणका ठेकेदारहरुलाई समेत भाडामा उपलब्ध गराउन सकिनेछ ।

ङ) गाउँपालिका अन्तर्गत का वडाहरुसंग सिमाना जोडीएका अन्य छिमेकी गाउपालिका वा नगरपालिकालाई भाडामा दिदा वडा कार्यालयको समन्वय, रेखदेख समेत हुनेगरी ब्यवस्था हुने छ

च) गाउपालिका बाट बिनियोजित रकम वा गाउपालिका भित्रका सडक योजनाहरुमा प्रदेश,सघ तथा अन्य सस्थाले गाउपालिका बाट बिनियोजित रकम र गाउपालिका मार्फत भुक्तानि दिनुपर्ने योजनाको हकमा उपभोक्ता समिति गठन हुन नसेको वा तत्काल निर्माण तथा मर्मत गर्नुपर्ने भएमा सोहि योजनाको बिनियोजित रकमबाट लाग्ने सम्पुर्ण खर्च व्यहोर्ने गरि कार्यपालिकाले निर्णय गरि एक्जाभेटर र अन्य हेवी मेशीनरीहरु संचालन तथा व्यवस्थापन समितिलाई जिम्मा दिन सक्नेछ र यसरी जिम्मा दिईएको योजनाको काममा गाऊपालिका स्तरीय अनुगमन तथा मुल्याङ्कन समितिको सिफारीसमा बिल र्भपाईको आधारमा योजनाको फरफार गरिनेछ ।

६.२ एक्जाभेटर र अन्य हेवी मेशीनरीहरु संचालन गर्दा देहायको योजनालाई प्राथमिकता दिइनेछ:

क) यस गाउँपालिकाको गाउँसभाबाट स्वीकृत भएका योजनाहरु ।

ख) नेपाल सरकार, प्रदेश सरकारबाट संचालन भएका र छिमेकी जिल्ला, गाउँपालिका वा नगरपालिकाको संयुक्त हितलाई जोड दिने योजना ।

ग) अन्य संस्थाको श्रोत तथा साधनवाट संचालन गरिने योजना ।

घ) यस गाउँपालिकाको कुनै वडासंग जोडिने छिमेकी गाउँपालिकाको सडक निर्माण र मर्मत (भाडामा प्रयोग दिन) को लागि ।

ङ) खण्ड (क), (ख), (ग) र (घ) अन्तरगत परेका योजनाहरुमध्ये बढी जनसहभागिता जुटाउने योजनालाई क्रमश: अघिल्लो प्राथमिकतामा राखिने छ ।

७. एक्जाभेटर र अन्य हेवी मेशीनरीहरुको माग तथा संचालन गर्ने कार्यविधि**:**

७.१ एक्जाभेटर र अन्य हेवी मेशीनरीहरुको माग गर्ने उपभोक्ता समिति, निकाय वा संस्थाका अध्यक्षले देहायको विवरण संलग्न गरी **अनुसूचि–१** को ढांचामा निवेदन दिनु पर्नेछ :

क) सम्बन्धित उपभोक्ता समिति वा संस्थाको निर्णयको प्रतिलिपि ।

ख) योजना स्वीकृत भएको पत्र तथा स्टीमेट ।

ग) सम्बन्धित स्थानीय निकाय वा सरकारी निकायको सिफारिस ।

घ) योजना संचालनमा जनसहभागिताको परिमाण र सहभागिताको प्रतिबद्दता भएको निर्णय

७.२ क) एक्जाभेटर र अन्य हेवी मेशीनरीहरु माग सम्बन्धि निवेदन समितिवाट स्वीकृत भएपछि सो को जानकारी उपभोक्ता समिति वा सम्बन्धित सरकारी निकाय वा संस्थालाई दिईनेछ । यसरी जानकारी प्राप्त गरेपछि उपभोक्ता समिति निकाय वा संस्थाका अध्यक्ष वा अधिकार प्राप्त व्यक्तिले भाडा वापत प्रति कार्य दिनको तल उल्लेखीत देहायको दरले हुन आउने रकम यस गाउँपालिकाको एक्जाभेटर र अन्य हेवी मेशीनरीको खातामा जम्मा गर्नुपर्ने छ । तर अन्य संस्था,ठेकेदारको हकमा सम्झौताको कुल भाडा रकमको १० प्रतिशत रकम धरौटी वापत थप जम्मा गर्नु पर्नेछ ।

| क्र.सं. | मेशिनीरी | समय | रकम |
|---|---|---|---|
| १. | ईस्काभेटर | प्रति घन्टा | २५००।- |
| | | प्रति कार्य दिन | २००००।– |
| | | थप प्रति घन्टा | ३०००।- |
| २. | टिप्पर ट्रक | प्रति कार्य दिन | ४०००।– |
| | | थप प्रति घन्टा | १०००। - |
| ३. | ट्याक्टर | प्रति कार्य दिन | २०००।- |
| | | थप प्रति घन्टा | ५००। |
| ४ | ब्रेक्रर चलाउँदा बकेट भाडाको | थप भाडा प्रतिघन्टा | ५००। |

स्थानीय तहको सिफरिसमा उपभोक्ता समिति मार्फत संचालन गरिने योजनामा उल्लेखित सवारी साधन भाडामा लिंदा बढीमा ५ प्रतिशत सम्म छुट दिन सकिनेछ ।

।

७.३ एक्जाभेटर र अन्य हेवी मेशीनरीहरुको खातामा रकम जम्मा गरेपछि उपभोक्ता समितिका अध्यक्ष वा सबन्धित निकाय वा संस्थाका प्रमूखले **अनुसूचि–२** वमोजिम सम्झौता पत्रमा हस्ताक्षर गर्नु पर्नेछ ।

७.४ एक्जाभेटर र अन्य हेवी मेशीनरीहरुको संचालन अवधिमा लाग्ने डिजल (ईस्काभेटर एवं अन्य हेवी मेशीनरी योजना स्थलमा ल्याउने लैजाने समेत) उपलब्ध गराउनु पर्नेछ भने मोविल, ग्रीज आदि खर्च सम्बन्धित उपभोक्ता समिति वा संस्थाले गर्नुपर्ने छ ।

७.५ गाउँपालिका कार्यालय वा रहिरहेको स्थानवाट योजना स्थलसम्म एक्जाभेटर र अन्य हेवी मेशीनरीहरु ढुवानी गरी लग्नु परेमा सो वापत लाग्ने ढुवानी खर्च सम्बन्धित उपभोक्ता समिति वा संस्थाले व्यहोर्नु पर्नेछ ।

७.६ उपभोक्ता समिति वा अन्य संस्था वा निकायले एक्जाभेटर र अन्य हेवी मेशीनरीहरु भाडामा लगेको अवस्थामा बन्द, हडताल , बिग्रिएको अबस्था वा काबु बाहिरको परिस्थिती बाहेक सम्बन्धित पक्षको लापरबाहीको कारणले एक्जाभेटर र अन्य हेवी मेशीनरीहरु संचालन हुन नसकी त्यत्तिकै बसेको दिनमा पनि निर्धारित भाडाको प्रति दिनको १० (दश) प्रतिशतका दरले भाडा लाग्नेछ ।

७.७ एक्जाभेटर तथा अन्य हेवी मेशीनरीहरु संचालन गरे वापत एक्जाभेटर वा अन्य हेवी मेशीनरी अपरेटर तथा हेल्परलाई निम्नानुसार प्रति कार्य दिनको हिसाबले सम्बन्धित निकाय, संस्था वा उपभोक्ता समितिले भत्ता दिनु पर्नेछ ।

| | | | |
|---|---|---|---|
| अपरेटर (एक्जाभेटर) गाउपालीकाको आफ्नै रकममा काम गरेमा | प्रति घन्टा रु.२५०।- | हेल्पर | प्रति घन्टा रु.७५।- |
| अपरेटर ( एक्जाभेटर) गाउपालीका बाहीर | प्रति घन्टा रु.३००।- | हेल्पर | प्रतिघन्टा रु.१००।- |
| ड्राइभर (ट्रक, टिप्पर) | समितिले तोके बमोजिम | | |

| | | | |
|---|---|---|---|
| ड्राइभर (ट्र्याक्टर) | समितिलेतोके बमोजिम | | |

७.८ माथि जुनसुकै कुरा लेखिएको भएतापनि गाउँ कार्यपालिकाले एक्जाभेटर र अन्य हेवी मेशीनरीहरु लामो अवधि (मासिक, त्रैमासिक) को लागि कुनै इजाजतप्राप्त निर्माण व्यवसायीलाइ प्रतिस्पर्धा गराइ भाडामा दिन समितिलाइ अनुमति दिन सक्नेछ। यसरी भाडामा दिदा एक्जाभेटरको हकमा न्यूनतम मासिक रु५०००००।– (रु पाँच लाख)र अन्य हेवी मेशीनरीको हकमा समितिले तोकेबमोजिम भाडादर कायम गरी प्रदेश स्तरको दैनिक पत्रिकामा १५ दिनको सुचना प्रकासन गरी इजाजत प्राप्त निर्माण व्यवसायीहरुबाट बढाबढ मुल्यमा सिलबन्दी प्रस्ताव माग गरी न्यूनतम भाडादर भन्दा सबैभन्दा बढी भाडादरमा प्रस्ताव गर्ने निर्माण व्यवसायीलाइ सम्झौताका आधारमा एक्जाभेटर र अन्य हेवी मेशीनरीहरु भाडामा दिन सक्नेछ। यसरी एक्जाभेटर भाडामा दिदा अन्य शर्तहरु तपशिल बमोजिम र यसमा नपरेका विषय सम्झौतामा उल्लेख गरेबमोजिम हुनेछन।

तपशिलः

- एक्जाभेटर र अन्य हेवी मेशीनरीहरुका चालकको न्यूनतम पारिश्रमिक गाउँपालिकाले निर्धारण गरेबमोजिम गाउँपालिकाबाटै भुक्तानी हुनेछ र सो बाहेकको अन्य सेवा सुविधा एवं भत्ता भाडामा लिने पक्षले दिनुपर्नेछ। सहचालकको आवश्यकता परेमा भाडामा लिने पक्षले स्वमं व्यवस्था गर्नेछ।
- भाडामा लिएको अवधिभर एक्जाभेटर र अन्य हेवी मेशीनरीहरुको मर्मत सम्भार गर्नुपरेमा इन्जिन खोली मर्मत सम्भार गर्नुपर्ने अवस्थामा बाहेक सबै मर्मत सम्भार भाडामा लिने पक्षले नै गर्नेछ। इन्जिन खोलि मर्मत गर्नुपर्ने अवस्था आइपरेमा सो को पूर्व जानकारी भाडामा लिने पक्षले समितिलाइ गर्नेछ र समितिले सो को जानकारी गाउँपालिकालाइ गराइ गाउँपालिकाबाट मर्मत सम्पन्न गरिनेछ।
- इन्जिन खोलि मर्मत गर्नु पर्ने अवस्थामा मर्मत अवधिभरको भाडा दोस्रो पक्षलाइ छुट दिइनेछ।
- गाउँपालिकाले एक्जाभेटर र अन्य हेवी मेशीनरीहरु भाडामा दिनको लागि भाडामा लिने पक्षसंग सम्झौता गर्नुपूर्व एक्जाभेटर र अन्य हेवी मेशीनरीहरुको मेकानिकल इन्जिनियरबाट प्राविधिक जाचँ गराइ भाडाको सम्झौता हुनेछ। सम्झौता अवधि समाप्त भएपछि एक्जाभेटर र अन्य हेवी मेशीनरीहरु सम्झौता पूर्वकै प्राविधिक अवस्थामा रहेको भन्ने व्यहोरा मेकानिकल इन्जिनियरबाट प्रमाणित गराइ बुझाउनु पर्नेछ। एक्जाभेटर र अन्य हेवी मेशीनरीहरु सम्झौता पूर्वको अवस्थामा नरहेको व्यहोरा मेकानिकल

इन्जिनियरबाट प्रमाणित भएमा समितिले धरौटी रकमबाट ह्रास वा क्षतिको रकम कट्टा गर्न गाउँपालिकामा सिफारिस गर्नेछ।

- भाडामा रहेको अवधिभरमा दुर्घटना भइ कोही घाइते, अङ्गभङ्ग वा मृतु भएमा सो को सम्पूर्ण जिम्मेवारी भाडामा लिने पक्षको हुनेछ।
- एक्जाभेटर र अन्य हेवी मेशीनरीहरु भाडामा लिने पक्षले सम्झौताका साथमा सम्झौता रकमको २५ प्रतिशत रकम अग्रिम रुपमा धरौटी स्वरुप नगदै गाउँपालिकाको संचित कोष खातामा दाखिला गरेको सक्कल भौचर वा सो बराबरको न्युनतम ४ महिनाको बैङ्क ग्यारेण्टी पेश गर्नुपर्ने छ। सम्झौता अवधि समाप्ति पश्चात धरौटी रकम समितिको सिफारिसमा फिर्ता दिइनेछ। सम्झौतामा उल्लेखित शर्तहरु पुरा नगरेमा धरौटी रकम जफत हुन सक्नेछ।
- भाडामा लिने पक्षले प्रत्येक महिना मासिक रुपमा सम्झौतामा उल्लेखित किस्ता रकम गाउँपालिकालाइ अनिवार्य रुपमा बुझाउनु पर्नेछ अन्यथा गाउँपालिकाले एकतर्फीरुपमा सम्झौता भंग गरी धरौटि जफत गरी एक्जाभेटर र अन्य हेवी मेशीनरीहरु भाडामा लिने पक्षलाइ गाउँपालिकामा तुरुन्त बुझाउन लगाउनेछ।
- सम्झौता अवधि एकपटकका लागि बढीमा ३ महिनाको हुनेछ र पुनः नविकरण गर्नुपरेमा गाउँपालिका र भाडामा लिने पक्षबीच आपसी सहमतिका आधारमा नविकरण गर्न सकिनेछ। तर एक आर्थिक वर्ष नाघ्ने गरी सम्झौता नविकरण गर्न सकिने छैन। अर्को आर्थिक वर्षमा समेत एक्जाभेटर र अन्य हेवी मेशीनरीहरु भाडामा लगाउनु परेमा नयाँ प्रतिस्पर्धा गराइ भाडामा दिनु पर्नेछ।
- भाडामा लिने पक्षले लापरबाहीबस वा कुनै घोषित बन्द- हड्ताल मा एक्जाभेटर र अन्य हेवी मेशीनरीहरु चलाइ एक्जाभेटर र अन्य हेवी मेशीनरीहरुमा क्षति पुगेको अवस्थामा भाडामा लिने पक्षले क्षति भए बराबरको रकम गाउँपलिकालाइ बुझाउनु पर्नेछ वा क्षतिको मर्मत गर्नुपर्नेछ।
- एक्जाभेटर र अन्य हेवी मेशीनरीहरु भाडामा लिने पक्षले गाउँपालिकामा संचालित योजनामा यस्ता उपकरणको माग भएमा प्राथमिकता दिनुपर्नेछ।
- एक्जाभेटर र अन्य हेवी मेशीनरीहरु भाडामा लिने पक्षले भाडाको संझौता अवधि समाप्त भइ सके पश्चात यस्ता उपकरण ३ दिन भित्र गाउँपालिका कार्यालयमा बुझाउनु पर्नेछ। भाडामा लिने पक्षले गाउँपलिका कार्यालयबाट एक्जाभेटर र अन्य हेवी मेशीनरीहरु कार्यस्थल तर्फ लादा र फिर्ता ल्याउदाको संचालन खर्च भाडामा लिने पक्षलेनै तिर्नु पर्नेछ।

- यस दफा बमोजिम एक्जाभेटर र अन्य हेवी मेशीनरीहरु भाडामा लिने पक्षले दैनिक बढीमा ११ घण्टा भन्दा बढी एक्जाभेटर र अन्य हेवी मेशीनरीहरु संचालन गर्न पाउने छैन।
- यस दफा बमोजिम एक्जाभेटर र अन्य हेवी मेशीनरीहरु भाडामा दिदा यस कार्यविधिमा नपरेका विषय भाडामा दिने र लिने पक्षको सम्झौता बमोजिम हुनेछन। सम्झौतामा समेत नपरेका विषयमा समिति र गाउँ कार्यपालिकाको निर्णय बमोजिम हुनेछ।

८. एक्जाभेटर तथा अन्य हेवी मेशीनरीको लगबुक राख्नुपर्ने :

एक्जाभेटर तथा अन्य हेवी मेशीनरी सञ्चालन गर्दा **अनुसूचि–३** को ढांचामा लगवुक राख्नु ईस्काभेटर तथा अन्य हेवी मेशीनरीको अपरेटरको कर्तव्य हुनेछ। उक्त लगबुगमा सम्बन्धित उपभोक्ता समितिका अध्यक्ष, निकाय वा संस्थाका प्रमुख समेतले प्रमाणित गर्नुपर्नेछ। यदि गाउपालिकाले सोझै काम गरेको अबस्थामा

९. म्याद थप गर्न सक्ने :

९.१ एक्जाभेटर तथा अन्य हेवी मेशीनरी भाडामा लिएका उपभोक्ता समितिले आफूले मागेको कार्य दिन भन्दा थप कार्य दिनको लागि आवश्यक भएमा सो को कारण तथा औचित्य सहित म्याद सकिनु भन्दा कम्तीमा तीन दिन अगावै म्याद थपको निवेदन दिनुपर्नेछ।

९.२ म्याद थपको लागि प्राप्त निवेदनमा समितिले छलफल गरी माग उचित तथा आवश्यक देखेमा आवश्यकतानुसार म्याद थप गर्न सक्नेछ।

१०. एक्जाभेटर एवं अन्य हेवी मेशीनरी मर्मत सम्बन्धि व्यवस्था :

एक्जाभेटर एवं अन्य हेवी मेशीनरी विग्रिएर मर्मत गर्नुपर्ने भएमा कुन कुन कुराको मर्मत सम्भार गर्नुपर्ने हो वा फेरवदल गर्नु पर्ने हो सो को विवरण सम्बन्धित अपरेटरले समितिका सदस्य–सचिव  समक्ष निवेदन दिनुपर्नेछ। अपरेटरको निवेदन प्राप्त भएपछि सदस्य–सचिवले सम्बन्धित अनुभवी विशेषज्ञवाट परामर्शदाता तोकिएका प्राविधिकवाट मर्मत सम्भारको लागत अनुमान तयार गर्न लगाई समितिमा पेश गर्नुपर्नेछ। समितिको सिफारिशमा गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृतले  (आर्थिक प्रशासन) नियमावली २०५६ वमोजिम मर्मत तथा सम्भार गराउनु पर्नेछ।

११. समितिको कोष तथा आर्थिक व्यवस्था:

११.१ समितिको कोषमा देहायका रकमहरु रहनेछन :

क) गाउँपालिकाको गाउँसभावाट ईस्काभेटर एवं अन्य हेवी मेशीनरीहरु संचालनको लागि प्राप्त रकम

ख) एक्जाभेटर एवं अन्य हेवी मेशीनरी माग गर्ने उपभोक्ता समिति वा संस्था वा निजी क्षेत्रवाट प्राप्त रकम।

ग) एक्जाभेटर एवं अन्य हेवी मेशीनरी संचालनको लागि नेपाल सरकार वा अन्य संघ संस्थावाट प्राप्त रकम।

घ) एक्जाभेटर एवं अन्य हेवी मेशीनरी वा एक्जाभेटरको पार्टपुर्जा विक्री तथा लिलामीवाट प्राप्त रकम

११.२ समितिको कोषको रकम एउटा छुट्टै खाता खोली प्रमुख प्रशासकिय अधिकृत तथा लेखापालको संयुक्त दस्तखतवाट संचालन गरिनेछ।

११.३ एक्जाभेटर बाट प्राप्त भएको आम्दानी रकम महिनाको अन्तिम दिन महिना भरी प्राप्त भएको रकम अर्को महिनाको १ गतेभित्र अनिबार्य रुपमा न्यूनतम ५०% रकम समितिको कोषमा र ५०% रकम संचित कोषमा दाखिला गर्नु पर्ने छ।

११.३ समितिको अन्य आर्थिक व्यवस्था प्रचलित कानुन अनुसार हुनेछ।

**१२. अन्य संस्थालाई एक्जाभेटर एवं अन्य हेवी मेशीनरी भाडामा दिने सम्बन्धि व्यवस्था:**

१२.१ अन्य संस्थाले आफनो कामको शिलशिलामा एक्जाभेटर एवं अन्य हेवी मेशीनरी भाडामा लिन चाहेमा अनुसूची–१ वमोजिमको ढांचामा देहायको विवरण संलग्न गरी निवेदन पेश गर्नुपर्नेछ।

क) प्रचलित कानून वमोजिम दर्तावाला संस्था, कम्पनी वा फर्म भए सो को प्रमाण–पत्र।

ख) एक्जाभेटर एवं अन्य हेवी मेशीनरी प्रयोग हुने योजना वा कार्यको स्पष्ट विवरण।

ग) सरकारी योजना भए ठेक्का स्वीकृत भएको पत्र तथा स्टीमेट।

१२.२ एक्जाभेटर एवं अन्य हेवी मेशीनरी माग तथा संचालन सम्बन्धि अन्य कुरा यस निर्देशिकाको प्रकरण ७, ८ र ९ वमोजिम हुनेछ।

**१३. एक्जाभेटर एवं अन्य हेवी मेशीनरी संचालनको सुपरीवेक्षण तथा अनुगमन:**

१३.१ एक्जाभेटर एवं अन्य हेवी मेशीनरी प्रयोग भईरहेको कार्यको सुपरीवेक्षण तथा अनुगमन समितिका सदस्य–सचिव वा निजले तोकेको व्यक्तिले गर्नेछ।

१३.२ एक्जाभेटर एवं अन्य हेवी मेशीनरी संचालनमा संलग्न कर्मचारीको रेखदेख तथा नियन्त्रण समितिका सदस्य–सचिवले गर्नेछ।

**१४. अन्य कार्यमा खर्च गर्न नपाईने :**

१४.१ समितिको कोषको रकम यस निर्देशिका वमोजिम एक्जाभेटर एवं अन्य हेवी मेशीनरीको संचालन, व्यवस्थापन, मर्मत  सम्भार र एक्जाभेटर एवं अन्य हेवी मेशीनरी संचालनमा संलग्न अपरेटर तथा हेल्पर र आबश्यक ठानेको अबश्थामा थप एक जनाको  तलब भत्तामा मात्र खर्च गर्न पाईनेछ ।

१४.२ कोषको रकमबाट  एक्जाभेटर एवं अन्य हेवी मेशीनरीको लागि बिषेश काममा समितिको कुन

**१५. सम्पर्क शाखा:**

गाउँपालिकाको राजश्व शाखाले ईस्काभेटर एवं अन्य हेवी मेशीनरीको संचालन तथा व्यवस्थापन सम्बन्धमा सम्पर्क शाखाको रुपमा कार्य गर्नेछ ।

**१६. अधिकार प्रत्यायोजन :**

यस निर्देशिका वमोजिम समितिलाई भएको केहि अधिकार समितिले शर्त तोकी वा नतोकी समितिका सदस्य सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**१७. निर्देशिकामा संशोधन :**

समितिको सिफारिसमा यस निर्देशिकालाई गाउँपालिकाले संशोधन गर्न सक्नेछ ।

**१८. विमा सम्बन्धि व्यवस्था :**

गाउँपालिकाको एक्जाभेटर वा हेवी मेशिनीरीहरु,  अपरेटर र हेल्पर समेतको को बिमा गर्न सक्नेछ ।।

**१९. खारेज तथा बचाउ:**

१८.१ एक्जाभेटर एवं अन्य हेवी मेशीनरी संचालन तथा व्यवस्थापन सम्बन्धि गाउँपालिका पुराना निर्णयहरु यो निर्देशिका जारी भएको मिति देखि खारेज हुनेछन् ।

१८.२ यो निर्देशिका जारी गर्नु अघी ईस्काभेटर एवं अन्य हेवी मेशीनरी संचालन र व्यवस्थापन सम्बन्धि भए गरेका काम कुराहरु यसै निर्देशिका वमोजिम भए गरेको मानिनेछ ।

बुढीगङ्गा गाउँपालिका

अनुसूचि–१

(निर्देशिकाको प्रकरण ७.१ संग सम्बन्धित)

## एक्जाभेटर तथा अन्य हेवी मेशीनरी सम्बन्धि निवेदनको ढांचा

श्रीमान अध्यक्ष ज्यू ,
ईस्काभेटर तथा अन्य मेशीनीरी संचालन तथा व्यवस्थापन समिति,
बडीकेदार गाउँपालिका ।

विषय : **...................................** भाडामा उपलब्ध गराईदिने बारे ।

महोदय,

उपरोक्त विषयमा यो निवेदन गर्दछु कि देहायको योजना/कामको लागि त्यस गाउँपालिकाको एक्जाभेटर /हेवी मेशिनरी ............ कार्य दिनको लागि ईस्काभेटर तथा अन्य मेशीनीरी संचालन तथा व्यवस्थापन निर्देशिका, २०६३ वमोजिम उपलब्ध गराई सहयोग गरिदिनुहुन अनुरोध छ । साथै समितिवाट एक्जाभेटर /हेवी मेशिनरी उपलब्ध गराउने जानकारी प्राप्त भएपछि निर्देशिकामा गरिएका सम्पूर्ण प्रावधानलाई पूर्णतया पालना गर्ने गराउने छु ।

१. उपभोक्ता समिति/संस्थाको नाम:

२. एक्जाभेटर /हेवी मेशिनरी उपयोग गर्ने योजनाको नाम :

३. योजनाको कुल लागत : रु.

    ३.१ लागत व्यहोर्ने श्रोत तथा रकम :

        ३.१.१

        ३.१.२

    ३.२ जनसहभागिताको परिमाण :

        ३.२.१

        ३.२.२

४. एक्जाभेटर /हेवी मेशिनरी उपभोग गर्ने स्थान:

    ४.१ गा.पा./न.पा. :

    ४.२ वडा नं. :

    ४.३ स्थान :

**निवेदक**

दस्तखत:

नाम, थर :

पद :

वतन :

मिति :

**संलग्न कागजात:**

क) उपभोक्ता समिति वा संस्थाको निर्णयको प्रतिलिपी ।

ख) योजना स्वीकृत भएको पत्र तथा स्टीमेट ।

ग) सम्बन्धित स्थानीय निकायको सिफारिस ।

घ) सम्बन्धित निकाय वा संस्थाको सिफारिस ।

बडीकेदार गाउँपालिका

अनुसूचि–२
(निर्देशिकाको प्रकरण ७.३ संग सम्बन्धित)
बडीकेदार गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय

एक्जाभेटर तथा अन्य हेवी मेशीनरी संचालन सम्झौता पत्रको ढांचा

यस गाउँपालिकाको एक्जाभेटर तथा अन्य हेवी मेशीनरी देहायको आयोजनामा देहायको शर्त तथा बन्देजको अधीनमा रही भाडामा संचालन गर्न गराउन यो सम्झौता गरिएको छ ।

१. सम्झौता गर्ने पक्षहरुको विवरण:

१.१ बडीकेदार गाउँपालिका, डोटी

१.२

१.३

२. आयोजनाको विवरण:

२.१ आयोजनाको नाम:

२.२ आयोजनाको स्थल:

२.२.१ गा.पा./न.पा. :

२.२.२ वडा नं. :

२.२.३ स्थान :

२.३ आयोजनाको कूल लागत : रु.

२.३.१ लागत व्यहोर्ने श्रोत तथा रकम:

२.३.१.१

२.३.१.२

२.३.१.३

२.३.२ जनसहभागिताको परिमाण:

३. एक्जाभेटर तथा अन्य हेवी मेशीनरी संचालन समितिवाट स्वीकृत भएको मिति :

४. एक्जाभेटर तथा अन्य हेवी मेशीनरी संचालन गर्ने विवरण:

बडीकेदार गाउँपालिका

४.१ एक्जाभेटर तथा अन्य हेवी मेशीनरी संचालन गर्ने कार्य दिन : ...............

४.२ एक्जाभेटर /अन्य हेवी मेशीनरी संचालन गर्ने कार्य अवधि: मिति २०७..../ / देखि २०७..../ /

सम्म

४.३ एक्जाभेटर तथा अन्य हेवी मेशीनरी संचालन गर्ने लैजाने दिनसम्म संचालित कार्य घण्टा ...........

५. एक्जाभेटर तथा अन्य हेवी मेशीनरी संचालन कोषमा प्राप्त रकम: रु. .................... मिति २०७..../ /

६. **सम्झौतापत्रका शर्तहरु:**

६.१ एक्जाभेटर तथा अन्य हेवी मेशीनरी माग गर्ने उपभोक्ता समिति/संस्थाले यस सम्झौता पत्रमा तोकिएको आयोजनामा मात्र तोकिएको कार्य दिनको लागि ईस्काभेटर तथा अन्य हेवी मेशीनरी उपयोग गर्नु पर्नेछ ।

६.२ एक्जाभेटर तथा अन्य हेवी मेशीनरी माग गर्ने उपभोक्ता समिति/संस्थाले ईस्काभेटर तथा अन्य हेवी मेशीनरी प्राप्त गरे पछि व्यवस्थापनमा खटिने कर्मचारीहरु र सवारीको सुरक्षाको व्यवस्था गर्नु पर्नेछ ।

६.३ एक्जाभेटर तथा अन्य हेवी मेशीनरी संचालन अवधिमा लाग्ने डिजल, मोविल, ग्रिस, ईन्धन खर्चको व्यवस्था सम्बन्धित उपभोक्ता समिति वा संस्थाले गर्नुपर्नेछ ।

६.४ एक्जाभेटर तथा अन्य हेवी मेशीनरी रही रहेको स्थानवाट एक्जाभेटर तथा अन्य हेवी मेशीनरी योजना स्थलसम्म ढुवानी गरी लग्नु परेमा सो वापत लाग्ने ढुवानी खर्च सम्बन्धित उपभोक्ता समिति वा संस्थाले आफैले व्यहोर्नु पर्नेछ ।

६.५. एक्जाभेटर तथा अन्य हेवी मेशीनरीका अपरेटरले संचालन गर्दा भरेको लगवुकमा सम्बन्धित उपभोक्ता समितिका अध्यक्ष वा संस्थाको प्रमुख समेतले प्रमाणित गर्नुपर्नेछ ।

६.६ एक्जाभेटर तथा अन्य हेवी मेशीनरी संचालन वा उपयोग सम्बन्धि कार्यको अनुगमन तथा सुपरिवेक्षण समिति वा सदस्य सचिवले गर्न गराउन सक्नेछ ।

६.७ एक्जाभेटर तथा अन्य हेवी मेशीनरी संचालनमा दुरुपयोग भएमा वा कुनै विवाद सिर्जना भई ईस्काभेटर तथा अन्य हेवी मेशीनरी संचालन गर्ने सक्ने स्थिति नभएमा वा ईस्काभेटर तथा अन्य हेवी मेशीनरी संचालनमा संलग्न कर्मचारीको सुरक्षा बारे समस्या देखिएमा एक्जाभेटर तथा अन्य हेवी मेशीनरी संचालन तथा व्यवस्थापन समिति वा सदस्य सचिवले तत्काल एक्जाभेटर तथा अन्य हेवी मेशीनरीलाई फिर्ता बोलाउन सक्नेछ । यस्तो अवस्थामा सम्बन्धित उपभोक्ता समिति वा संस्थाले समेत तत्काल एक्जाभेटर तथा अन्य हेवी मेशीनरी फिर्ता गराउनु पर्नेछ ।

६.८ एक्जाभेटर तथा अन्य हेवी मेशीनरी संचालन सम्बन्धमा उपभोक्ता समति वा संस्था र एक्जाभेटर तथा अन्य हेवी मेशीनरी संचालन व्यवस्थापन समिति वीच विवाद उत्पन्न भएमा एक्जाभेटर तथा अन्य हेवी मेशीनरी संचालन तथा व्यवस्थापन समितिले गरेको निर्णय नै अन्तिम हुनेछ ।

६.९ एक्जाभेटर तथा अन्य हेवी मेशीनरी संचालन भएको २५० देखि ३०० घण्टाको वीचमा सर्वभिसिंगको व्यवस्था दक्ष, अनुभवी प्राविधिकवाट स्वयं उपभोक्त/संस्थाले आफ्नै श्रोतवाट गराउनु पर्नेछ । तर हाईड्रोलिक प्रयोग भएको वा ब्रेकर प्रयोग भएको अवस्थामा प्रत्येक १२५ घण्टमा मेशिनको सर्भिसिंङ गर्नुपर्नेछ सर्भिसिङ नभएको कारणले मेशिनमा कुनै समस्या आएमा सो को जवाफदेहि सम्बन्धित पक्षनै हुनुपर्नेछ ।

६.१० एक्जाभेटर तथा हेभी मेशिनरीको भाडा प्रति कार्यदिन २००००।– बीस हजार मात्र लाग्नेछ । ब्रेकर प्रयोग भएकोमा दश प्रतिशत थप भाडा लाग्नेछ साथै धरौटी बापत बीस प्रतिशत रकम थप राख्नुपर्नेछ । सो वाहेक अन्य करहरु सम्बन्धित व्यक्ति संस्था वा फर्म स्वयंले तिर्नु पर्नेछ । (प्रति दिन भन्नाले ८ घण्टा लाई बुझाउनेछ) कार्यदिन भन्दा बढी प्रयोग भएमा प्रति घन्टा ३०००।–का दरले थप भाडा तिर्नुपर्नेछ ।

६.११ यान्त्रिक कारण वा भवितव्य परी काबु बाहिरको परिस्थितमा एक्जाभेटर तथा हेभी मेशिनरी नचलेमा अप्रेटर तथा सम्बन्धित उपभोक्ता, संस्था वा फर्मले प्रमाणित गरी तत्कालै कार्यालयमा जानकारी गराई प्रमाणित गरी राख्नुपर्नेछ । सम्बन्धित पक्षको लापरबाहीको कारणले एक्जाभेटर र अन्य हेवी मेशीनरीहरु संचालन हुन नसकी त्यत्तिकै बसेको दिनमा पनि निर्धारित भाडाको प्रति दिनको १० (दश) प्रतिशतका दरले भाडा लाग्नेछ ।

६.१२ अन्य कुराको हकमा एक्जाभेटर तथा अन्य हेवी मेशीनरी संचालन तथा व्यवस्थापन निर्देशिका, २०६३ वमोजिम हुनेछ । उपरोक्त वमोजिम गर्न हामी निम्न पक्षहरु मंजुर गर्दछौं ।

ईस्काभेटर तथा अन्य हेवी मेशीनरी
संचालन तथा व्यवस्थापन समितिको तर्फबाट

**नामः**

**पद : सदस्य सचिव**

**सही :**

**कार्यालयको छाप :**

**मिति**

**उपभोक्ता समिति वा संस्थाको तर्फवाटः**

**नामः**

**दर्जा :**

**सही :**

**संस्थाको छाप :**

**मिति**

साक्षी

१.

२.

३

साक्षी

१.

२.

बडीकेदार गाउँपालिका

अनुसूचि–२

(निर्देशिकाको प्रकरण ८ संग सम्बन्धित)

बडीकेदार गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय,

## एक्जाभेटर तथा अन्य हेवी मेशीनरी प्रयोग सम्बन्धी लगबुक

योजनाको नाम :

उपभोक्ता समिति वा संस्थाको नाम:

योजना स्थल (गा.पा./न.पा वडा समेत):

सम्झौता मिति :

सम्झौता अवधि ............................ देखि .............................. सम्म जम्मा दिन .........................

| क्रं.सं. | ....... प्रगोग भएको मिति | समय | | | ईन्धन तथा अन्य लुव्रिकेन्टस खपत विवरण | | | | | सम्झौता अवधिमा ....... प्रयोग हुन नसकेमा | | | | अपरेटरको दस्तखत | अध्यक्ष वा प्रमुखको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | जम्मा कार्य समय | डिजल | मोविल | ग्रिज | सि आयल | अन्य | प्रयोग हुन नसक्नुका कारण | समय | | | | | |
| | | | | | | | | | | | देखि | सम्म | जम्मा कार्य समय | | | |
| | | | | | | | | | | | | | | | | |

बडीकेदार गाउँपालिका